# सिरहा जिल्लाको लालपुर गा.वि.स.का मुसहर जातिका लोक गीतहरूको अध्ययन

मानविकी तथा समाजशास्त्र संकाय नेपाली विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिको लागि प्रस्तुत

## अध्ययन पत्र


प्रस्तुतकर्ता

शुशीला सुनुवार

क्याम्पस रोल नं. २७१

परीक्षा रोल नं.: २८२७५४/०६८

त्रि.वि. दर्ता नं. ९-२-२२५-२७३-९९

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं



२०७०

# कृतज्ञता

सिराहा जिल्ला अन्तर्गत लालपुर गा.वि.स.मा प्रचलित लोकगीतको अध्ययन शीर्षकको प्रस्तुत अध्ययन पत्र तयार पार्ने क्रममा आफ्नो कार्यव्यस्तताका बाबजुद पनि मेरा लागि समय निकालेर अत्यन्त सौँहार्द ढङ्गले परामर्श र उचित मार्गनिर्देशन दिनुहुने आदरणीय अध्ययन पत्र गुरु प्रा.डा. जीवेन्द्र देव गिरी ज्यूले लगाउनु भएको गुण सदा स्मरण रहिरहनेछ ।

यस्तै यो अध्ययन पत्र तयार गर्ने क्रममा सल्लाह र सुझाव दिनुहुने विभागीय प्रमुख प्रा.डा. देवी प्रसाद गौतमप्रति हार्दिक आभार प्रकट गर्दछु ।

यसरी नै लोक गीतहरु संकलन गर्ने क्रममा पटकपटक सिराहा गइरहहँदा सहयोगी भावना बोकेर सहयोग गर्नुहुने सिराहा जिल्ला लालपुर गा.वि.स.का बासी सबुरन देवी सदा, दुखनी सदा, समला सदा, नारायण सदा, खुशीया सदा तथा सम्पूर्ण बुबा, आमा, दाजुभाई तथा दिदी बहिनीहरुप्रति पनि म आभार प्रकट गर्दछु । साथै सिराहाको सांस्कृतिक, आर्थिक, भौगोलिक गतिविधिजस्ता विविध पक्षबारे जानकारी गराउने जि.वि.स. सिराहा, जि.शि.का. सिराहाका सहयोगलाई सम्झनु पनि मैले आफ्नो कर्तव्य ठानेकी छु ।

मलाई यस अवस्थामा ल्याई पुऱ्याउन हरेक क्षेत्रबाट आफ्नो दायित्व निर्वाह गर्नुहुने बुबा गंगा बहादुर सुनुवार, माता राधीका माया सुनुवार, सिराहा जिल्ला हकपरा गा.वि.स.का सचिव तारिणी प्रसाद सुनुवार साथै मेरो हर क्षेत्रमा सहयोग गर्नु हुने श्रीमान् भुपाल बहादुर सुनुवारप्रति म सधैं ऋणी रहनेछु ।

यसरी नै मलाई अध्ययनका निम्ति उचित वातावरण तयार पारिदिनु हुने दाजु डम्बर बहादुर सुनुवार, दिदी अरुणा कुमारी अर्याल, साबित्री कुमारी सुनुवारको गुण पनि कहिल्यै बिर्सने छैन ।

यस अध्ययन पत्रलाई यथासम्भव शुद्ध र स्पष्टताका साथ टङ्कण गर्न सहयोग गरिदिने दुर्क कम्प्युटर सिस्टम, कीर्तिपुर, नयाँबजारका दुर्कमान महर्जनलाई धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा मेरो विभिन्न अप्ठ्याराका कारण गर्न सक्ने जति गर्न नसकेकोमा क्षमा चाहन्छु । यस अध्ययन पत्रमा समावेश भएका सम्पूर्ण लोकगीतहरु सुरक्षितसाथ सङ्ग्रह गरिराखेको जानकारी गराउँदै यस अध्ययन पत्रको आवश्यक मूल्यांकनका लागि मानविकी तथा समाजशासत्र संकाय नेपाली विभाग विश्वविद्यालय क्याम्पस, कीर्तिपुर, काठमाडौं समक्ष प्रस्तुत गर्दछु ।

मितिः २०७०।१२।२८

प्रस्तुतकर्ता
सुशीला सुनुवार
क्याम्पस रोल नं. २७१
परीक्षा रोल नं.: २८२७५४/०६८
त्रि.वि. दर्ता नं. ९-२-२२५-२७३-९९

## विषय सूची


| | | |
|---|---|---|
| **पहिलो परिच्छेद : अध्ययनको परिचय** | | **१-५** |
| १.१ | विषयको परिचय | १ |
| १.२ | समस्या कथन | १ |
| १.३ | अध्ययन प्रतिवेदनका उद्देश्यहरू | २ |
| १.४ | पुर्वकार्यको समीक्षा | २ |
| १.५ | अध्ययनको औचित्य | ३ |
| १.६ | अध्ययन प्रस्तावको सीमाङ्कन | ४ |
| १.७ | सामग्री संकलन अध्ययन विधि | ४ |
| १.८ | अध्ययन पत्रको रूपरेखा | ४ |
| **दोस्रो परिच्छेद : ललितपुर गा.वि.स को परिचय** | | **६-८** |
| २.१ | भौगोलिक परिचय | ६ |
| २.२ | सामाजिक तथा आर्थिक अवस्था | ७ |
| २.३ | आर्थिक अवस्था | ८ |
| २.४ | निश्कर्ष | ८ |
| **तेस्रो परिच्छेदः लोक गतिका सैद्धान्तिक परिचय** | | **९-१४** |
| ३.१ | लोक गीतको परिचय | ९ |
| ३.२ | लोक गीतको परिभाषा | १० |
| ३.३ | लोक गीतको वर्गीकरण | ११ |
| ३.४ | लोक गीतको विशेषता | १३ |
| ३.५ | निष्कर्ष | १४ |
| **चौथो परिच्छेद : लोक गीतको सङ्कलन** | | **१५-३१** |
| ४.१ | बाह्रमासे गीत | १५ |
| ४.२ | धार्मिक गीत | १८ |
| ४.३ | संस्कार गीत | १९ |

४.४ पर्वगीत २२

४.५ ऋतु गीत २५

४.६ श्रमिक गीत २९

४.७ निष्कर्ष ३०

**पाँचौ परिच्छेद : वर्गीकरण र विश्लेषण ३२-४५**

५.१ वर्गीकरण ३१

५.१.१ प्रकार्यका आधारमा वर्गीकरण ३१

५.१.२ विषयका आधारमा वर्गीकरण ३१

५.१.२.१ सामाजिक आधारमा वर्गीकरण ३२

५.१.२.२ ऐतिहासिक आधारमा वर्गीकरण ३२

५.१.२.३ धार्मिक आधारमा वर्गीकरण ३२

५.१.२.४ प्राकृतिक आधारमा वर्गीकरण ३३

५.१.३ लयका आधारमा वर्गीकरण ३३

५.१.३.१ छोटो भाकाका आधारमा वर्गीकरण ३३

५.१.३.२ लामो भाकाका आधारमा वर्गीकरण ३३

५.१.३.३ संवादात्मक गीत ३४

५.२ विश्लेषण ३४

५.२.१ बाह्रमासे गीत ३४

५.२.१.१ सखी गीतको विश्लेषण ३७

५.२.१.२ धार्मिक गीतको विश्लेषण ३८

५.२.२ संस्कार गीत ३९

५.२.३ पर्व गीत ४०

५.२.४ ऋृतु गीत ४३

५.३ श्रम गीत ४४

५.४ निष्कर्ष ४५

**परिच्छेद छैठौं: उपसंहार तथा निष्कर्ष** **४६-४७**
६.१ उपसंहार ४६
६.२ निष्कर्ष ४७
**सन्दर्भ कृतिसूची** **४८**
**परिशिष्ट** **४९-५०**
परिशिष्ट-१: अध्ययनको नक्सा ४९
परिशिष्ट-२: सामग्री संकलन गर्ने विवरण ५०

# पहिलो परिच्छेद

## अध्ययनको परिचय

### १.१ विषय परिचय

लोकगीत मानवसभ्यताको  विकास सँगसँगै प्रारम्भ भएको मानिन्छ । लोक साहित्यका विभिन्न विधाहरू, लोकगीत, लोककथा, लोकनाटक आदि) लोकगीतलाई सर्वप्राचीन र सर्वप्रीय विधा मानिन्छ । पीडा, आशा निराशा, उत्साह, कुण्ठा, हाँसो रोदनका अनुभूति नै लोक जीवनको इतिहास हो । सिरहा जिल्लाको लालपुर गा.वि.स. को प्राकृतिक, सामाजिक, सांस्कृतिक, भाषिक, विविधताको सम्मिश्रण स्वरूप बिम्ब हो । यहाँ विविध जात जातिका मानिसहरू बसोवास गर्दछन् गर्दछन् र उनीहरूका आ-आफ्नै सामाजिक, सांस्कृतिक परम्पराहरू छन् र यहाँ व्रतबन्ध, विवाह, मृत्यु, संस्कार कर्म, पुजा आजा तथा चाँडपर्व र संस्कारकर्महरू मनाउदा ती संस्कारहरूसँग सम्बन्धित गीतहरू गाएर मनोरञ्जन गर्ने परम्परा रहेको छ । यहाँ भजन, जट-जटिन, झिझिया, सँगिनी, प्रभातीय गीतहरू अत्यन्त लोकप्रिय रहेका छन् । त्यस्तैगरि विवाह, विवाहगीत गाउने चलन छ सलेश गीत जस्ता जातीय गीतहरू पनि छन् । यस्ता मैलिक गीतहरूको संकलन र अनुसन्धान र सम्बर्द्धन गर्नु अत्यन्त आवश्यक छ यही आवश्यक्तालाई ध्यानमा राखी सिरहा जिल्लाको लालपुर गाविसका मुसहर समुदायका लोक गीतहरू अध्ययन गर्नु अत्यावश्यक छ यही नै प्रस्तुतशोध कार्यको विषयक्षेत्र रहेको छ ।

### १.२ समस्या कथन

सिरहा जिल्लाको लालपुर गा.वि.स. का मुसहर जातिका गीतहरूको अध्ययनसंग सम्बन्धित यस अध्ययन पत्रका समस्याहरू निम्न अनुसार छन् ।

१. सिरहा जिल्लाका लालपुर गा.वि.स का मुसहर जातिका लोक गीतहरू के कस्ता छन् ।

२. ती लोक गीतहरूलाई के कति वर्गमा वर्गीकरण गर्न सकिन्छ ।

३.  ती लोक गीतहरूलाई के कसरी विश्लेषण गर्न सकिन्छ ।

## १.३ अध्ययन प्रतिवेदनका उद्देश्यहरू

सिरहा जिल्ला लालपुर गा.वि.स. का मुसहर जातिका लोकगीतहरूको अध्ययन सँग सम्बन्धित उपयुक्त समस्याहरूलाई ख्याल गरी यस अध्ययनको उद्देश्यहरूलाई निम्न अनुसार तल प्रस्तुत गरिएको छ ।

१.  सिरहा जिल्लाको लालपुर गा.वि.स. का मुसहर जातिका लोकगीतहरूको सङ्कलन गर्ने ।
२.  ती गीतहरूको वर्गीकरण गर्नु ।
३.  ती लोक गीतहरूको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

लोकगीतको अध्ययन विश्लेषण गर्ने कार्य विभिन्न विद्वानहरूबाट हुँदै आएको पाईन्छ । सिरहा जिल्लाका मुसहर जातिको गीतहरूको बारेमा केन्द्रित भएर यहाँका प्रचलित सबै प्रकारका लोकगीतहरूको बारेमा पुर्वकार्यहरू नै प्रस्तुत अध्ययन प्रतिवेदन निम्ति सान्दर्भिक रहेका छन् र तिनै पुर्वकार्यहरूबारे यहाँ क्रमश चर्चा गरिएको छ ।

भरतकान्त अर्याल (२०५४) द्वारा लिखित “सिरहा जिल्ला रामनगर मिर्चैयाका मुसहर जातिको सामाजिक तथा आर्थिक अवस्थाको एक अध्ययन” मा यस जातिका बारेमा संक्षिप्त परिचय दिइएको छ बतर तिनका लोक गीतका बारेमा चर्चा गरिएको छैन । डा. राम दयाल राकेश -मिथिलाञ्चल लोक संस्कृति २०६१) भन्ने पुस्तकमा यस समुदायका गीतहरूका बारेमा छुट्टै वर्णन गरिएको छैन ।

काजीमान कन्दङ्वाले (२०२०), नेपाली जनसाहित्य, भन्ने पुस्तकमा लोकजीवनमा मौलाएर रहेको गीतलाई लोकगीतका रूपमा चिनाउनुका साथै नेपाली लोक गीतको सृजनस्थल नेपाली गाउँघर नै हो भनेका छन् । यसमा नेपालको पुर्वी

भेगमा प्रचलित केही गीतहरू संकलन छन् तर सिरहा जिल्लाका गा.वि.स लालपुर गाविसमा प्रचलित सबै प्रकारका गीतहरू भने समेट्न सकेको पाइन्दैन ।

डा. शम्भु प्रसाद कोइरालाले (२०५५), **लोकसाहित्य : सिद्धान्त र विश्लेषण** भन्ने पुस्तकमा लोकगीतको सैद्धान्तिक चर्चा गर्नुका साथै लोकगीतको वर्गीकरण गर्ने क्रममा लालपुर गा.वि.स का लोक गीतका बारेमा छुट्टै चर्चा गरेको पाइँदैन । नेपालको पुर्वी भेगमा लोकप्रिय रहेका संगिनी बालन, असारे जस्ता केही लोकगीतहरूको समान्य चर्चा पाईन्छ तर यी बाहेक कतिपय पुर्वाध्यनहरूमा यस जिल्लामै केन्द्रित भएर लोक गीतहरको वृस्तृत रूपमा अध्ययन भएको पाइन्दैन ।

कृष्णराज कोइरालाले (२०४९) **'नेपाली लोक संग्रह'** प्रचलित नेपाली लोकगीतहरू र ती गीत गाइने स्थलको नाम समेत उल्लेख गरी प्रस्तुत गरेका छन् यसमा सिरहा जिल्लाको लालपुर गा.वि.स. मा प्रचलित सबै प्रकारका नेपाली लोक गीतहरूको वर्गीकरण र विश्लेषण गर्ने काम भने भएको पाइँदैन ।

धर्मराज थापाले (२०३२) **'मेरो नेपाल भ्रमण'** भन्ने पुस्तकमा मोरङ जिल्ला सम्म पुगेर त्यहाँका झाँगड जातिको संस्कृतिमा लोकगीतको प्रचलन बताएका छन् तर उहाँ सिरहा तिर छिरेर त्यहाँका लोकगीतको चर्चा गरेको पाईन्दैन ।

## १.५ अध्ययनको औचित्य

नेपालका विभिन्न जातजातिमा प्रचलित मौलिक गीतहरूको सङकलन, अनुसन्धान र सम्वर्द्धन गरिनु अत्यन्त आवश्यक छ । यसै आवश्यक्तालाई ध्यानमा राखी सिरहा जिल्लाको लालपुर गाविसमा बस्ने मुसहर समुदायका लोकगीतहरूको अध्ययन गर्नु औचित्यपुर्ण ठानिएको हो ।

यस जातिका व्यक्तिहरूले आफ्ना लोकगीतको बारेमा यस अध्ययनबाट जानकारी लिई यसको अझ बढी महत्ववोध गर्ने छन् । यस अध्ययनका आधारमा अन्य जातिहरको लोकगीतको तुलनात्मक अध्ययन गर्न सकिनेछ । यसका साथै लोक साहित्यका विधार्थी र अध्येताहरूले विभिन्न रुपमा यसको उपयोग गर्ने सकनेछन् ।

## १.६ अध्ययनको सीमाङ्कन

प्रस्तुत अध्ययन सिरहा जिल्लाको लालपुर गाविसमा रहेका मुसहर जातिका लोक गीतहरूमा सीमित छ । यहाँ मुसहर जातिका मानिसहरू ठाउँभन्दा बढी छन् र पौराणिक बस्ती र जनसंख्याका आधारमा पनि उनीहरु बढी रहेकाले त्यहाँ नै यो अध्ययन सीमित रहेको छ । यी गीतहरूलाई विषय र प्रकार्यका साथै लयका आधारमा वर्गीकरण गर्नु तथा विषय, लय, संरचना प्रस्तुति र भाषाका आधारमा विश्लेषण गर्नु पनि यसका सीमा हुन् ।

## १.७ सामग्री सङ्कलन र अध्ययन विधि

प्रस्तुत अध्ययनका निम्ति सामग्री संकलन गर्दा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । यस क्रममा सम्बन्धित क्षेत्रमा नै गएर स्थानीय व्यक्तिहरूलाई गीत गाउन लगाई रेर्कड गर्ने, प्रस्तुतिको अवलोकन गर्ने र विचार विमर्श गर्ने काम गरिएको छ भने सङ्कलित गीतको वर्गीकरण र विश्लेषण गर्नका निम्ति वर्णनात्मक विधिको प्रयोग गरिएको छ ।

## १.८ अध्ययन पत्रको रूपरेखा

अध्ययन पत्रलाई व्यवस्थित र सङ्गठित रूपमा प्रस्तुत गर्न यहाँ विभिन्न परिच्छेदमा विभाजन गरिएको छ । ती परिच्छेदहरूलाई आवश्यकता अनुसार विभिन्न शीर्षक र उपशीर्षक समेत दिइएको छ प्रस्तुत अध्ययनको रूपरेखा यस प्रकार छ :-

१. पहिलो परिच्छेद - अध्ययन पत्रको परिचय

२. दोस्रो परिच्छेद - सिरहा जिल्लाको संक्षिप्त परिचय

३. तेस्रो परिच्छेद - लोक गीतको सैद्धान्तिक परिचय

४. चौथो परिच्छेद - मुसहर जातिमा प्रचलित लोक गीतहरूको संकलन

५.	पाचौँ परिच्छेद - मुसहर जातिमा प्रचलित लोक गीतहरूको वर्गीकरण र विश्लेषण

६.	छैठौँ परिच्छेद - उपसंहार र निश्कर्ष

# दोस्रो परिच्छेद

# लालपुर गाउँ विकास समितिको परिचय

## २.१ भौगोलिक परिचय

यस लालपुर गा.वि.स मा समथर भु-भाग रहेको पाईन्छ केही भाग खोलाको कटानले खेती योग्य छैन । यस ठाउामा ५ ओटा पोखरी र २ निम्न माध्यमिक विद्यालय ३ प्राथमिक विद्यालय छन् । ३ खोलाहरू छन् । ५ ओटा मन्दिरहरू छन् ।

### क. अवस्थिति र सीमा

सिरहा जिल्लाको सदरमुकाम सिरहा देखि २२ कि.मि उत्तर पुर्व महेन्द्र राजमार्ग देखि २ के.मि उत्तरमा पर्ने यो लालपुर गा.वि.स पुर्वमा गाँगन खोला पश्चिममा मौनावत्ती खोला दक्षिणमा असनपुर, उत्तरमा जमदह गा.वि.स को विचमा रहेको छ । २६° २८ उत्तर देखि ८६°२१ अवस्थिति छ, जनसंख्या ३४१२ (जनगणना -१९९१) घरधुरी -६२१ रहेको छ ।

### ख. हावापानी

यो ठाउँ समथर छ यस ठाउँमा मौसमी जलवायु छ गर्मीमा बढी गरम र हिउँदमा ज्यादै ठण्डा हुन्छ ग्रीष्ममा यहाँको तापक्रम ४०° डिग्री.से. नाघ्छ । जाडोमा ११° डि.से. सम्म पुग्ने गर्छ । वर्षायाममा मनसुन हावाले गर्दा यहाँको मौसममा आर्द्रता वहन गई रसिलो हुन्छ । जाडो महिना मंसिर देखि शुरू भई फाल्गुण सम्म रहन्छ ।

### ग. नदीनाला

यस ठाउँमा ३ तीन ओटा सुख्खा खोला छन् । पानीको सिचाँई नभएको यस खोलामा विभिन्न जातजातिका संस्कार अनुसार संस्कार गर्ने चलन छ ।

## २.२ सामाजिक तथा सांस्कृतिक अवस्था

लालपुर गा.वि.स मा वहुसंख्यक मानिसको कथ्य र लेख्य भाषा मैथिली र नेपाली नै छ । यहाँ विविध जातजातिका मानिसहरूको बसोबास भएको पाईन्छ । मधेसी समुदायमा मैथली र पहाडी मूलका समुदायमा नेपाली भाषा बोलिन्छ, यहाँ बौद्ध, हिन्दु धर्म मान्ने गर्छन ।

### क. जाताजाति

यस गा.वि.स. मा विविध जातजाति बसेको पाईन्छ जसमा तेली, सुढी, कोइरी, यादव, मुसहर, कामी, दमाई, हजाम, वल्ही, तामाङ्ग, मगर, राई, सुनुवार, दमै, डुम, चमार रहेको छ ।

### ख. चाडपर्व

मिथिला संस्कृतिको बढि प्रभाव भएको यी जात जातिहरूले मुख्य रूपमा जितीया, जुडशितल लगपाँचे -नागपुजा) रक्षा बन्धन, दुर्गापुजा, छठ, दिपावली, फाँगु, लक्ष्मीपुजा, घडी पुजा, गणेश चतुर्थी, सलेश पुजा, दिनराम दिना भद्री पुजा जस्ता चाँडपर्व मनाउने गर्दछन् । यसरी यहाँ वढी भन्दा हिन्दु धर्म मान्ने छन भने केही बौद्ध धर्म मान्ने छन् ।

### ग. वेशभूषा

यस ठाँउका स्थानीय व्यक्तिहरू प्राय जसो मैथली संस्कृति संग नजिक रहेकोले मैथेली वेशभूषा नै लगाउने गर्छन पुरूषहरूले कट्टु, लगौटी, कुर्ता, धोती, गम्छा, गन्जी लगाउने गर्छन भने महिलाहरूले सारी, ब्लाउज फराक, चोली, सुखिया, चुरी, हसुलि, बुल्कि, टिकुली, लगाउने गर्छन् ।

## २.३ आर्थिक अवस्था

### क. उत्पादन

तराईका समथर भु-भाग भएकाले यहाँ बढी भन्दा बढी उत्पानमा ऊखु, धान, मकै, केराऊ, मुसुरो, सुर्ती, चना, कोदो, लहरी हुन्छ भने आँप, केरा, अम्बा, कटहर जमुना, बरहर, बयर जस्ता फलफूल उत्पादन हुन्छ भने तरकारीमा आलु, भान्टा, काउली, करेली, बोडी, सिमी, ओल, परवल, भेन्टी, भिmम्नी, घिरौला, सागहरू सबै उत्पादन हुन्छ ।

### ख. उद्योग

यस उद्योग तथा कलकारखाना छैन यहाँका मानिसहरूका मुख्य गरि कृषि पेशामा आधारित छन् । यस ठाउँका मुसहर जातिहरू सबै श्रमिक हुन् । पशुपालन तथा मौरी पालन, तरकारी खेती गरेर स्थानीय हाट, बजारमा बेब्च्ने गर्छन् ।

### ग. व्यवसाय

यस ठाउँका मानिसहरू कृषि तथा पशुपालनमा निर्भर छन् । यहाँका मानिसहरू केही विदेशमा मज्दुरका रूपमा काम गर्छन भने केही गाँउघरमै मज्दुरी गर्छन ।

## २.४ निष्कर्ष

सिरहा जिल्लाका लालपुर गा.वि.स मा समथर भु-भाग भएको तर सिचाँइको राम्रो व्यवस्था नभएका कारण कृषि पेशा फष्टाएको देखिन्दैन जनघनत्वको आधारमा उद्योग व्यपार नभएको अवस्था छ । अन्नवाली र नगदेवालीहरू भएका कारण यहाँका बासिन्दाहरूलाई केही राहत मिलेको छ । यस ठाउका मानिसहरू विभिन्न जातजाति भए पनि मिलेर बसेका छन् ।

## तेस्रो परिच्छेद

## लोकगीतको सैद्धान्तिक परिचय

### ३.१ लोकगीतको परिचय

लोकसाहित्यमा **लोक** शब्दले जन वा संसार भन्ने अर्थ लाग्दछ । शब्दकोशमा **लोक** शब्दका विभिन्न अर्थ लगाइएका छन्, जस्तैः- समाज, जनता, जगत, दुनियाँ प्राणी आदि (शर्मा, २०५८ः ११७४), हिन्दी साहित्यकोश अनुसार **लोक** भनेको मानव समाजको त्यो वर्ग हो जो अभिजात्य संस्कार शास्त्ररीय, पण्डित्यको चेतना र पण्डित्यको अहङ्कारले शुन्य हुन्छ र जो एक परम्पराको प्रवाहमा जीवित भइरहन्छ (वर्मा र अन्य, २०१६ः ६८५-८६) । त्यस्तै (साहित्य) शब्द सहितमा 'य' प्रत्यय लागेर बनेको छ  जसको तात्पर्य शब्द र अर्थको यथावत् सहभाव लोक साहित्यलाई जन साहित्य पनि भन्ने गरेको पाइन्छ ।

आधुनिक सभ्यताको प्रभावबाट टाढा रहने लोकसाहित्यमा आदिम मानवका सांस्कृतिक अवशेषसमेत प्राप्त गर्न सकिन्छ । लोकसाहित्यले लोकसंस्कृतिको बनहकको समेत काम गर्दै आएको छ । कुनै पनि जातिको लोकसाहित्यको विस्तृत रूपमा अध्ययन गरेपछि त्यस जातिको सभ्यता र संस्कृतिको परिचय पाउन सकिन्छ ।लोक साहित्यमा पाइने यस्तै आफ्नोपन र मौलिकताले गर्दा नै यसलाई लोकजगतमा् युगौंदेखि हुर्काउँदै ल्याइएको छ र कालान्तरसम्म यसको प्रभाव रहिरहने छ (पराजुली, २०५७ः ३०) ।

लोकसाहित्य एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै मौखिक रूपमै जीवित रही आएको लोकसाहित्य निरन्तर गतिशील हुन्छ (त्रिपाठी, २०३२ः ३) । यसलाई लिति वा शिष्ट साहित्यको आधारशीला मानिन्छ ।

## ३.२ लोकगीतको परिभाषा

लोकगीत लोकसाहित्यका विविध विधा **लोकगीत** लोककथा, लोकगाथा, लोकनाट्य (लोकेन्ति) मध्येको प्रमुख विधा हो । यो लोकको सबैभन्दा प्रचलित र लोकप्रिय विधाका रूपमा मानिन्छ । लोकगीतमा लोकजीवनका दुःख सुःख आँसु, हाँसो तीता-मीठा अनुभव धर्म, संस्कृति जस्ता कुरा प्रकट भएका हुन्छन् । लोकमा परम्परादेखि मौखिक रूपमा एक पुस्ताबाट अर्को पुस्ता एक गलाबाट अर्को गलामा सबै एक गलाबाट अर्को गलामा सर्दै जीवित रहँदै आएका लोकगीतहरू समग्र लोककै साझा सम्पत्तिका रूपमा रहेका हुन्छन् ।

लोकगीतलाई विभिन्न विद्वान्हरूले लोकसाहित्यका विभिन्न कोशहरूमा पनि परिभाषित गर्ने प्रयास गरिएको छ । यसै क्रममा **हिन्दी साहित्यकोश** म लोकगीतका तीन अर्थ लगाइएका छन् । १) लोकमा प्रचलित गीत २) लोक निर्मित गीत ३) लोकविषयक गीत (वर्मा र अन्य (सम्पा.): ७५० ।)

**नेपाली बृहत् शब्दकोष** मा लोक गीतलाई समाजमा परम्परादेखि गाउँदै र चल्दै आएको गीत हो भनी अर्थ्याइएको पाइन्छ (बालकृष्ण पोखरेल र अन्य (सम्पा.), २०४०, पृ. ११८८) । **नेपाली बृहत शब्दकोश** (काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान) ।

लोकसाहित्यका अध्येता कालिभक्त पन्तका अनुसार लोक गीत भनेको जीवन जगतका जीवनगीतका आदिम स्रोत हुन् (पन्त, २०५८ः २८) । **हाम्रो संस्कृति इतिहास** (स्याङ्जाः लेखक स्वयम्) ।

नेपाली लोकगीतका संकलनकर्ता धर्मराज थापाले लोक अनुभूति नै लोकगीत हो जसले हृदयका उद्गारहरूलाई स्पष्ट र यथार्थ रूपमा प्रंस्तुत गर्दछ भनेका छन् ।

कृष्ण प्रसाद पराजुलीले “लोकगीत भनेको गर्दाको प्रवाह जस्तै हुन्छ जुन मूलत ग्रामीण संस्कृतिको गर्भबाट निस्कन्छ तर यसले ग्रामीण समाजलाई मात्र हैन । समग्र

मानव समाजलाई दिने काम गरिरहन्छ” भनेका छन् । (कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ. ४३) ।

यसरी विभन्न विद्वान् र लोकसाहित्यका अध्येताहरूले आ-आफ्नो किसिमले लोकगीतलाई परिभाषित गरेको पाइन्छ । यी परिभाषाहरूका आधारमा निष्कर्षमा के भन्न सकिन्छ भने लोकगीत भनेको मानव सभ्यताको सुरूवात देखि नै मौखिक परम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै जाने गर्दछ । जसमा मानव जीवनका सु:ख दु:ख हर्षपडिा, आँसो-हाँसो, मिलन-विछोड जस्ता विधि अनुभूतिहरूलाई सहज र हृदयग्राही रूपमा प्रकट गर्न मद्दत गर्दछ ।

## ३.३ लोकगीतको वर्गीकरण

लोकगीत निरन्तर गतिशील विधा हो । यसलाई स्वदेशी, विदेशी विद्वान्हरूले विभिन्न आधारमा वर्गीकरण गरेका छन् । यसै सन्दर्भमा लोकसाहित्यका अध्येता टेक बहादुर खत्रीले नेपाली लोकगीतलाई निम्न लिखित सात वर्गमा विभक्त गरेका छन् (खत्री, २०३२: १७) ।

१. वीररस र करूणरस - लोकगीत कर्खा

२. घटनाप्रधान लोकगीत सिलोक - सवाई

३. चाडपर्वका लोकगीत - भैलो देउसी

४. विवाहपर्वमा गाइने लोकगीत - खाँडो, रत्यौली

५. नृत्य गीतहरू - देउडा, घाटु

६. भवनका रूपमा गाइने लोकगीत - वालन, संगिनी

७. दोहरी लोकगीत - घाँसी गीत, असारे गीत

दयाराम श्रेष्ठले लोकगीतका बारेमा वर्गीकरण यसरी गरेका छन् (‘सम्भव’, २०३८: १५) ।

१. संस्कार सम्बन्धी लोकगीत

२. ऋतुकालीन लोकगीत

३. क्रियासम्बन्धी लोकगीत

४. विविध

धर्मराज र हंसपुरे सुवेदीले लोकगीतलाई सात वर्गमा विभक्त गरेका छन् : (धर्मराज थापा र हंसपुरे सुवेदी, २०४१, पृ. ८२) । **नेपाली लोकसाहित्यको विवेचना** (काठमाडौं: त्रि.वि.पा.वि.के.)

१. सामान्य गीत
२. संस्कार गीत
३. ऋतु वा व्रतसम्बन्धी गीत
४. कर्मगीत
५. पर्वगीत
६. लोकनृत्य गीत
७. विविध

त्यस्तै शम्भु प्रसाद कोइरालाले लोकगीतलाई आठ प्रकारमा वर्गीकरण गरेका छन् ।

१. बाह्रमासे गीत
२. ऋतु सम्बन्धी गीत
३. व्रत सम्बन्धी गति
४. संस्कार गीत
५. पर्वगीत
६. श्रम सम्बन्धी गीत
७. नृत्य गीत
८. विविध

यसरी लोकसाहित्य विद्हरूले विभिन्न आधारमा लोकगीतको वर्गीकरण गर्ने प्रयास गरेका छन् । ती विभिन्न विद्वान्हरूले गरेको लोकगीतका उपयुक्त वर्गीकरणलाई आधार बनाएर निम्नानुसार लोकगीतको वर्गीकरण गर्न सकिन्छ ।

१. बाह्रमासे लोकगीत - एकहोरी गीत, बालन, संगिनी

२. कर्मगीत - असारे गीत, दाइँ गीत

३. पर्वगीत - देउसी, भैलो, तीज

४. संस्कार गीत - रत्यौली, सिलोक, खाँडो

## ३.४ लोकगीतको विशेषता

लोकगीत लोकसाहित्यका अत्यन्त लोकपिय विधा हो । मानव समाजको विकास सँगसँगै हालसम्म लोकगीतमा अनेक परिवर्तन हुँदै आएको पाइन्छ । लोकगीतका विद्वान्हरूले लोकगीतमा विभिन्न विशेषता औंल्याएका छन् । यसै क्रममा शम्भुप्रसाद कोइरालाले निम्नलिखित विशेषता देखाई तिनको विशेषता भनेका छन् (कोइराला: ३६) ।

१. श्रृतिस्मृति परम्परा

२. लयात्मकता तीव्रता

३. स्वत स्फुर्त

४. स्थान र सामयिकताको प्रभाव

५. सरल र स्वाभाविक गेयता

६. प्रभावपूर्ण स्थूल चित्रण

लोक साहित्यका अध्येता कृष्णप्रसाद पराजुलीले नेपाली लोकगीतका सात प्रकारक विशेषता देखाएका छन् र तिनको चर्चा समेत गरेका छन्: (पराजुली: १३८-१४०) ।

१. अज्ञात रचयिता

२. सामूहिक भावभूमि

३. सहजता र स्वाभविकता

४. मौखिक परमपरा

५. मौलिक र सरलता

६. कथन विविधता

७. स्वच्छन्दता

यसरी लोकगीतका अनेक विशेषताहरू छन् । तापनि समग्रमा लोकगीतका विशेषताहरूलाई बुँदागत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ ।

१. अज्ञात रचनाकार

२. मौलिकता र स्वतः स्फूर्तता

३. सरलता र सहजता

४. श्रुतिस्मृति परम्परामा जीवित

५. पुनरावृत्ति र थेगोको प्रयोग

६. स्थानीय भाषिको प्रयोग

## ३.५ निष्कर्ष

सिरहा जिल्लाका लालपुर गा.वि.स. मा प्रचलित लोकगीतको परिचयमा विभिन्न विद्वान्हरूको परिभाषाहरू प्रस्तुत भागमा प्रयोग भएका छन् । लोकगीत, ग्रामीण बासिन्दाहरूको जीवनसँग सम्बन्धित भएकाले ग्रामीण भेगका बासिन्दाहरूका थकाई भेट्ने मनोरञ्जन प्राप्त गर्न लोकगीत गाउने गर्छन् ।

# चौथो परिच्छेद

## लोकगीतहकरूको संकलन

सिरहा जिल्लाका लालपुर गा.वि.स. सांस्कृतिक, विविधता भएको गाउँ हो । यहाँ विविध जातजातिका मानिसहरूको बसोबास रहेको छ । यहाँका मानिसहरूको आ-आफ्नै किसिमको संस्कृति, रितिरिवाज र जीवनशैली छ । सोही संस्कार परम्परा अनुसार लोकगीत गाउने चलन छ । यहाँका लोकंगीतहरूलाई निम्न अनुसार संकलन गर्ने गरिएको छ ।

### ४.१ बाह्रमासे गीत

बाह्रमासे गीतमा बालगीत, सखी गीत पर्दछन् ।

### ४.१.१ बालगीत

(क) आ निनिया निनपुर से
पटिया अउतै जनकपुर से
बौवा सुततै अपन मनसे
आ निनिया आ
जो रे निनिया वगडा खाइछौ धान
वैठल कौवा ताल लगावै
आवइअ मेजमान
कौवा रे मेना मन मोहना
भदैका भात खाके सुत रहना
लाल गाछी गेलियै
लाल आम खेलियै
सुगवा खोइद खोइद खाई
कौन बेसर्मी अखिया गड्यौल

सुगवा रूसल जाई
बौवा के बाबु गेलै सुखीपुर
हाट सेले उेलै सुन्तलाके भार
बौवा खुससे निहार

(ख) चन्दा मामा दुरके
पुआ पकाए गुडके
हम खेबै थाली मे
मुन्नाके दे प्याली मे
प्याली गया फुट
मुन्ना गया रूढ

(ग) पनियाँ से बलियाँ गोलबजारके कनियाँ
सोही कनियाँ माँगै छै लोकनियाँ
कदम के जोडी फूल
अपन मैया रहतै डोली लाव जेतै
पितियौन भैया लागैय चदरवा सन
कदमके जोडी फूल

(ग) अटकन मटकन दहिया चटकन
केरा कुरा महागर-जागर
पुरनिक पत्ता हिलैय डीलैय
माघमास करेला फूलै
तइपर सवहिक ना की
आमून जामून गोटी जामून
तेतरी, इमली, आँटी, गोटी
लहय पत्ता डायर
करह गए कामर

बाँस काटे ढाँई ढाँई
नदी गुङ्गाई
कमलके फूल हुनु
अल्ग अल्ग जाई ।

(घ) घोडावाला घोडावाला टाङटुटा
जुल्फी पकड्के मार जुत्ता
टपर टपर पाइन परइअ झुम्नीके पत्ता
ओइ टोलमे नाच भेलै नटुवा वेपत्ता
गामके पटवारी, अधिकारी खोलामे सुत
वगडा देखके छुलछुल मुत
कुसुमके घरमे पकल परूल बेल
कुसुमके वहिनी उल्ट पल्ट खेल
ध्वनिकलालके वेटी वडी दुलारी
गोलबजार जाके खेला सुपारी

(ङ) करिया झुमैर खेलेछी
ढिल पटापैट मारैछी
ककरो मथामे टिक त बजैय
कौवा खोइद खोइद खाइय

### ४.१.२ सखी गीत

(क) प्रथम सुमिरणमा हे सरस्वती माई के करली
दोसर सुमिरणमा हे कमलेश्वरी माई के करली
पूर्वी सुमिरणमा हे सुरज जी के करली
पश्चिम सुमिरणमा हे धमियान माता के करली
देलि जो अकल ज्ञान उनहैं की
सोरैठी के गावल गीतवा हो

थोरही लिखकर सुनाइव हो
सोरैठ विरजभाङ्ग के गीतवा हो ।

(ख) कौने घरके हम बेटियाँ
कौने घरके करू सिङ्गार
पिया मोरा गयल परदेश
मनमामे परल विमार
राती राती मनमा परल
भिन्सर भएल नहीँ छै पिया हमार
ककरा कहबै के पतियौ तै
हमर दुःख बिमार

(ग) जनक फूलबरिया फूल फूल्यै अलबेला हो राम
कौने फूल फूले आँधी रतिया
कौने फूल फूले भिन्सरवा हो राम
फूलबा फलाय गेल सब रस चुबि गेल
मोरा पिया परदिसिया हो यम
भ्रमरा बैठि गेल सब रस चुसि गेल
फूलवा गेल मुरझाई हो राम
रतियाँ पिया बिनु कौना रहबै
पिया आयल निज घरबा हो राय

## ४.२ धार्मिक गीत

(क) उठादे उठादे उठादे गे माई
भोर भएल जगादे गे माई
जगादे जगादे जगादे गे माई
भोर भएल जगादे गे मई
सबको माई उठल

सबको साथी उठल
जगादे जगादे जगदे गे माई
भोर भएल जगादे जे माई

(ख) गाइय गणपति जगवदन
शङ्कर-सुवन, भवानी-विनायक
कृपा सिन्दु सुन्दर सब लायक
मोहक-प्रिय मृदु मङ्गल-दाता
विधा-वारिधि वुद्धि विधाता
मागत तुलसीदास कर जोटे
वसुद रामरसिया मानस मोरे

## ४.३ संस्कार गीत

(क) मुड्न गीत (छेवर गीत)

कहाँमा से हजमा एलै
कहाँमा से एलै लौवा
वौवाके मौंसी तोहरे देवौ

नुहाऊ नुहाऊ बवुवाके केश काटु
बौवा वडा दुलार लागे
बवुवाके दिदी तोहरे देके
बवुवा वडा दुलार लागे
काटु काटु केश वौवा

(ख) विवाह गीत
'अरयाती गीत, विदाई गीत'

बडी जतनसे रामसिता वेटी से पोसली

राम कौने दिन भैया नेने जाय
हा कौने रङ्ग के डोलिया

राम कौने रङ्ग के परलइ वहार
हाँ नीले रङ्गके डोलिया
कुसुमे रङ्ग कहरिया
राम लाले रङ्ग परलै वहार
हाँ कौन निरमोहिया राम दिनमा गुनेलकयै
ससुर निरमोहिया रामः हमे नेने जाय
बवा निरमोहिया वासबा कटेल कयै
राम सैयाँ निरमोहिया नेने जाय
एक कोश गयली मैया
दोसर कोश गयली
तेसर कोश गयली लागि गयल प्यास
हा एक क्षणे डोला भैया
तहुँ नीच जे मारियौं
लागि गयल जोड से प्यास
राम नहिरे पनियाँ
राम तहुँ मोरा बिसरियौ
ससुराके पानी जे पिई

## (ग) मटकोर गीत

मरबाके काते काते
मुगा सुहान लागे
आजके रतिया बाबा जागे सुतें
सुन्दर बेटी चोरी हेत्यी
ठामे रहतै धन सम्पैत

किनका पोखरिया हे दुलरा
झिलिमिलि पनिया
निकका पोखरीया समार
किनका पोखरीया हे दुलरा
कौने फेंके महाजाल
बबाके पोखरीया झिलिमीली
भैयाँके पोखरीया झिलिमिली
भैयाँके पोखरीया समार
ससुरके पोखरीया झिलिमिली
डेढवा मछलिया वही मे दुलरा फेकियौ महाजाल
ऐके जाल फेकल दुइये जाल फेकल
फेकल दुनरूवा बझि गयल कन्या कुमार
मने होइअ हमरा छितिनी से मारियौ
पातर पिया छितिनी लावल जाए
माटि लाव, गेलौ बबाके पोखरिया
चकमक देवर लाल
असलान कर गेलौ बबाके पोखरिया
चकमक देवर लाल

## (घ) चुमाउन गीत

मंगल दिन सुदिन हे
आजु होइ छइ रामके चुमाउन
कि आँगन लागे सुहागन
गाई गोबर ल आँगन निप्न
गजमोती चौका पुराऊ
कि आँगन लागे सुहागन
अलस-कलस लाए पुरहर राखल

मानिक दीप जराऊ
कि आँगन सुहागन लागे
काँचही बाँसकी उलबा बनाऔल
त्यही मे राखल दुभि धान
कि आँगन सुहागन लागे
मंगल दिन हे आजु होइ छई
रामके चुमाउन
सोनेके डलियामे हरियर दुवि धान हे
चुमाओन जे लागल अम्मा अपन ह
जतबे चुमाओन अम्मा ओतने अशिष हे
जियो जियो दुलहा दुलहन
लाखे वरिस हे ।

(ङ) **सोहरी गीत (सुत्केरी गीत)**

चैत वैशाखके रउदी हे पुरानी लहरी मारू हे
ललना र त्यही पर दैया जन्म बेल
कथि खेतै कथि पहिरतै कथि खेतै
कथि ओढतै
ललना रे कथि जिरेबै सोइरी घर
चैत वैशाख के रउदी हे पुराने लहरी मारू हे
ललना रे त्यही पर दैया जन्म लेल

## ४.४ पर्व गीत

(क) **झिझियाँ**

घर पछुवामे डेनियाँ
मतकर सिङ्गार

देख्तै गामके चौकीदार
अनकर वेटाके खेला गे डैनिया
अपन बेटाके बच्औल
केहन तोरा लाव्लौ गे डैभिया
अरबा धानके खिचडी
केहन लगलौ बेटाके करेजबा
वडा तीन लागल अरबा धानके खिचडी
जघियाँ फारी चुली जरना बन्यौल
वहियाँ फारी जरना
त्यही मे बरकार्बेल गे डैनिया
अरबा धान के खिचडी
केहन लाग्ल बेटाके करेजवा गे डैनिया
केहन लाग्ल अरबा धान के खिचडी

(ख) **सामाचकेवा**

भैया दश हात पोखरी खुनाली
भैया लावल भौउजी घर गाँथु हे
ओही हार पहरी सबको बहिनी
सामाचकेवा खेल करू हे
खेली हे धुपी हे अइली भैया
आँगन हे
कनियाँ भौउजी लेल लुलवाई
ननदिया काहाँ आइल हे
भैया मोर लाग्ल बरछी घुमाई
वहिनी काहाँ पाएब हो
कोरी दिऔ सवको मैया गंगा पसियौ
यही चिकन माटी हे

बनाइ दिऔं कनिया भौउजी

सामाचकेवा

आ हे सामाचकेवा खेल गइली

सबको आँगन हे

खेली हे धुपी हे अयली

भैया आँगन हे

**(ग) वृन्दावनमे आग लगैय**

वृन्दावनमे आग लगैय

कैयो ने मुझाब है

हमरे छोटका भैया

दौडी दौडी मुझाब हे

चउर चउर भैया कोठीके चाउर

छाउर छउर चुगला कोठीके छाउर

चुगला करें चुगली

विलाई करें म्याऊँ ।

चुगला टिकके नोचि नोचि खाऊ

**(घ) फागु गीत**

(क) बीच फागु देवरा खेलैया होरी

रङ्ग कोठरीमे खेलैय होरी

कहाँमा से अउतै जोडी नटुवा

कहाँमा से अउतै भगवान हे

रङ्ग केठरीमे देवरा खेलैय होरी

नहिरेसे अउत जोडी नटुवा

ससुरे अउतै भगवान हे

रङ्ग कोठरी मे देवरा खेलैय होरी

कैय लोटा पानी देवे भगवान
झरी लोटा जोडी नटुवा
रङ्ग कोठरी मे देवरा खेलैय होरी

(ख) खेलैय होरी राम खेलैय होरी
अतर गुलाब कुमकुम केशरी
रङ्ग अबीर भरके झोरी
सखी ढल सयिन छेरी रघुवर के
देल अबीर अत्तर बोरी
खेलैय होरी राम खेलैय होरी
नाचगान झिकाझोरी
मारे पिचकारी
खेलैय होरी राम खेलैय होरी

### (ङ) सलहेस गीत

कथी लागी सत हे सुन्दरी
हमरा भंगठावै छ
कुल लागी कुल मे आई
दंगिया लगावै छ
जाइयौ त जाइयौ हे सुन्दरी
अपन महलिया मे
हमहु त जाइछी हे सुन्दरी
अपना महलिया मे

## ४.५ ऋतु गीत

### (क) जट-जटिन

जट - झुम्नी फूलल जाइअ गे जटिन

रमझुम्नी फुलेलै यमकी के बेरिया बेच्यला परतौ

जटिन - नहीं ये बेच्बौ रे जटबा

नहिं ये रहबौ यमकी के बेरिया नहिरे गमेबौ

जट - डोलिया पठेबौ कहरिया पठेबौ

यमकी के बेरिया आबइला परतौ

जटिन - डोलिया तोडिदेवौ कहरिया तोडिदेबौ

यमकी के बेरिया हम महिरे गमेबौ

जट - भोर भएल भिन्सुर भएल छोडु छोडु

अँचारेके खुट हम आँगन बढावबै

जटिन - भोर भएल हे जटिन भोर भएल

विस्तारा छोड्ल न जाय

जट - माइयो बढातै हे जटिन

बहिनो बढातै

जटिन - भाइयौ हस्तै रे जटवा बहिनों हस्तै

जट - भाइयो के बुझ्वै गे जटिन बहिनों के बुझे

## (ख) हाली हाली बैरसु इन्नर देवता

पानी बिन पडल अकाल हो राम

चौर सुखल चाँचर सुखलै

खेती-पारी झर्रा सुखलै

सुखी गेलै बवाके जिराइत हो राम

सुखी गेलै भइयाके जिराइत हो राम

धोबियाके आँगनमे छापर धुपर पनियाा

चमराके आँगनमे छापर छुपर पनियाँ
वोहीं मे नहाई पुजारी बभना हो राम
धोतीयो को मिजलै जधियाँ न मिजलै
रचि रचि तिलक लगावै हो राम
राँडी डोमिनियाँ हरबा जोतैय
पानी विनु परलैय अकाल

## (ग) साउने गीत

सखी हे साउन के बुँद मिसी
पियासँग खेलु पचिसी
गोर बदन मे कारी चुनरिया ना
पतली कमरिया ना
मुहंमे पान नयनमे कजरा
दाँतमे मिसिया ना
गलामे नेकलेस हातमे कंगनिया ना
सखी हे साउन के महिना ना

## (घ) असारे गीत

असार हे सखी रिमझिम बढ परे
चारू दिशा वरसैत मेघ हे
धान रोपै छी सुखः करैछी अपन खेत हे
सावन मे सखी सव सुहावन कुहु के मजुर हे
मजुराके बोली हिया मोर लागे
लागे धनी के शरीर हे
भाँदो हे सखी चारूदीसा मेध वा
भेल अध्यारी राती हे
केकरा दुअरिया ठाड हेवै

केकरा दुअरिया रोवै
केकरा से कहवै दिलकी बात है ।

ऽऽ

### (ङ) उगलै सुरूजवा हे धानी

उगलै सुरूजवा हे धानी
पैसल कमल दह
ओही पुरनियँ भ्रमरा
लोमिल भएल
कही गएल छ हे मस
वित्लै वरिस दिन
कोखे कोखे धुना मोरा लागि गेलै
बाह्रे वरिस लुटलै विहउवा
ठाडे भएल वेल बवुर तर
घरसे वहार भेलै हो धानी
पानी पिढिया लेके ठाड भेलै
अल्गे राख पानी हो धानी करके राखु पिढिया
किनका जन्मल गोदमे बालक हो रोवैछै
तोहरे घरके दियोरबा ओकरे रोबैछे
लागि गेल हाजिपुर बजरियाँ
वही हटिया धानी के बेचल्क्यै
बेच गयल विहउवा
मोलवल गयल नन्दोसिया
जानु कानु मोर छोटका दियोरबा
पनियाँ भरइय लाटे देवरा
मुहे देखिलेल

## ४.६ श्रम गीत

### (क) लगनी

सासु कहि गेल दिलबर
एकसेर मरूवा पिसि ए हे
हम दिलवर विसरी गेलियै
वारसेर मरूवा पिसलिएय हे
सासु कहलखिन हे दिलवर
एक गो रोटी पकाबिय हे
हम दिलवर बिसरि गेलियै
चार गो रोटी पकेलिय हे
सासु कहलखिन हे दिलवर
बुढवाके सेवा करिहे हे
हम दिलवर विसरी गेलियै
बुढवाके टाङ्ग तोडि देलियै हे
(लगनी)

### (ख) घुरी सुतु फिरी सुतु

हाय ननदोके भाई जी
तोरे धाने भीजल चोलियाँ रे
एतबे बचन जब सुत्लन
नन्दोके भाई जी
चली भेलै अपनी जे पुरबे

## ४.७ निष्कर्ष

जीवन र जगतसँग लोकगीतको सम्बन्ध गाँसिएको हुँदा मानव समाजका धर्म, संस्कृति, रितिरिवाज तथा जीवनका उकाली, ओराली, प्रकृतिका प्रसँग, पेसा, काम सबै समेटेको गीत नै लोकगीत हो । यही लोकगीतको मौलिकतासँग लालपुर गा.वि.स.को लोकगीतको मौलिकता पनि समेटिएको छ । यस ठाउँका समुदायहरू पर्वमा यहाँका धर्म अनुसार संस्कृति अनुसार मनोरञ्जन गर्ने गीतहरू छन् जसमा सामाचकेवा, मिभिया, होली धेरै लोकप्रिय मानिन्छ जसमा सबैजना सामूहिक रूपमा मनोरञ्जन लिने गर्छन् । संस्कार अनुसार सांस्कारिक गीतहरू गाइन्छन् जुन धेरैभन्दा धेरै गीतहरू विवाह, व्रतमा गाइन्छ । त्यस्तै गरी ऋृतु गीतहरू समय अनुसार वैशाखदेखि भदौसम्म गाइन्छन् ।

त्यस्तै गरी श्रम गीतहरू असारे, जाँतो पिँध्ने (लगनी) गीतहरू हुन् जसमा यी गीतहरू अहिलेका पिंढीले गाउन छाडि सकेका छन् । यसरी यस लालपुर गा.वि.स.का गीतहरू बाह्रमासे, धार्मिक गीत, पर्व गीत, संस्कार गीत, ऋृतु गीत र श्रम गीतहरू रहेको पाइन्छ ।

# पाँचौ परिच्छेद

## वर्गीकरण र विश्लेषण

### ५.१ वर्गीकरण

प्रकार्य, विषय र लयका आधारमा लालपुर गाविसका लोकगीतको वर्गीकरण गरिएको छ :

### ५.१.१ प्रकार्यका आधारमा वर्गीकरण

लोकगीत गाउँघरमा गाइने मानव जीवनका दु:ख सु:ख पर्व, संस्कारका वर्णन गरिएका भए पनि यसका पनि आफ्नै वर्गीकरण छन् । लालपुर गा.वि.स.का मुसहर समुदायमा गाउने लोकगीतहरूलाई प्रकार्यका आधारमा निम्नानुसार वर्गीकरण गर्ने गरिएको छ ।

**बाह्रमासे गीत**
- सोरैठे
- लोरिक
- बालगीत
- संगीनी
- पराती
- भजन
- सलेश

**धार्मिक गीत**
- पराती
- गणेश चतुर्थी
- दुर्गा गीत

**पर्वगीत**
- सामाचकेवा
- झिझिया
- होरी
- रक्षाबन्धन गीत

**संस्कार गीत**
- मटकोट गीत
- अरयाती गीत
- चुमाउन गीत
- मुण्डन गीत
- सोइरी गीत

**ऋतु गीत**
- असारे गीत
- साउन गीत

**श्रमिक गीत**
- लगनी (जाँतो पिध्ने गीत)
- बाली भित्र्याउने गीत

### ५.१.२ विषयका आधारमा वर्गीकरण

विषयका आधारमा सामाजिक, ऐतिहासिक, धार्मिक, प्राकृतिक गीतमा लालपुर गाविसका गीतहरुलाई निम्न अनुसार वर्गीकरण गरिएको छ ।

### ५.१.२.१ सामाजिक आधारमा वर्गीकरण

लोकगीतमा व्यक्तिगत तथा सामाजिक विषयवस्तु समावेश भएको हुन्छ । समाजमा भएका चालचलन, परिवेश, व्यवहार, सामाजिकताका रूपमा आएको हुन्छ । समाजमा, छोरी बुहारी प्रतिको भेदभाव पित पत्नी बीच माया, प्रेम, साथीसँगी बीचको माया, समाजमा भएका चालचलन गीतका रूपमा आएको हुन्छ । त्यस्तैगरी लोकगीतमा एकै ठाउँमा बसेर गीत गाउने मिलेर गीत गाउने जस्ता कार्यहरू पनि सामाजिकताभित्र पर्दछन् । यस्ता गीतहरू दोहरी, सामुहिक रूपमा मिलेर गाउँछन् । यस समुदायमा पनि ती गीतहरू छन्, फागु, झिझिय, असारे, सामाचकेवा जसमा छरछिमेक, समाजका सबैजना मिलेर एक ठाउँमा बसेर गीत गाउने, नाच्ने गर्छन् ।

### ५.१.२.२ ऐतिहासिक आधारमा वर्गीकरण

लोकगीतमा मेला, पर्व, दाउरा, घाँसका गीत मात्र हैन ऐतिहासिक व्यक्तिका जीवनीका बारेमा पनि गीत गाउने गरिएको छ । यस्तै ऐतिहासिक गीतहरू यहाँका मुसहर समुदायका गीतहरू छन् जुन गीत ऐतिहासिक कथामा वर्णन गरिएको छ । सलहेश, भिजुमान, निराम दिना भद्री जस्ता गीतहरूमा ऐतिहासिक कथा वर्णन गरिएको छ ।

### ५.१.२.३ धार्मिक आधारमा वर्गीकरण

लोकगीतहरू मानव जीवनका विभिन्न पाटाहरूसँग सम्बन्धित भएकाले धर्म संस्कारका आधारमा गीतहरू गाइने गरिन्छ । यस्तै गीतहरू यस समुदायमा गाइने गरिन्छ जुन गीत पुजाआजा गर्दा ब्रत, बिवाह, छेवर जस्ता कार्यहरूमा गाइन्छ । यस गीतहरूले धर्मको मूल्य मान्यताको संरक्षण गर्दै अगाडि बढेको हुन्छ । जुन गीत पुस्तौ पुस्तासम्म हस्तान्तरण हुँदै जान्छ । यस ठाउँको धार्मिक गीतहरू मुण्डन, विवाह, सलहेस, गणेश चतुर्थी गीतहरू हुन् ।  जुन गीतहरूमा धर्मका मुख्य-मान्यतामा रहेका हुन्छ ।

### ५.१.२.४ प्राकृतिक आधारमा वर्गीकरण

डाँडा, पाखा, ठकाली, ओराली, घाँस, दाउरा, मेला पात जाँदा गाइने गीतहरूमा प्रायः जसो प्रकृतिका वर्णन हुन्छन् । यस्ता गीतहरू असारे गीत, साउने गति, जाँतो गीतहरू हुन जसमा हिलो, कोदालो, वर्षा, झरी, दाउरा, घाँस, बन पाखाका प्राकृतिक वर्णन गरिएको हुन्छ । यस लालपुर गा.वि.स.का मुसहर समुदायका प्राकृतिक गीतहरू (साउने गीत, असारे गीत, श्रमिक गीत) हुन् ।

### ५.१.३ लयका आधारमा वर्गीकरण

यस ठाउँका समुदायले गाउने गीतहरू आ-आफ्नै लयका आधारमा छन् । चाडपर्व, विवाह, संस्कार, मेलापातमा गाइने गीतहरू भएकाले यी गीतमा स्थानीय भाका, झ्याउरे गीतहरू भएकाले यी गीतमा स्थानीय भाका झ्याउरे भाका तथा लामो भाका छोटो भाका भएको हुन्छ जुन लयलाई यसप्रकार हेर्न सकिन्छ ।

### ५.१.३.१ छोटो भाषाका आधारमा वर्गीकरण

यस लयका आधारमा यहाँका मुसहर समुदायले गाउने गीतहरू छोरी सामाचकेवा, लोरी जटजटिन हुन् । जसमा सरल, सहज, छोटो भाकाका हुन्छन् ।

"करिया झुमैर खेलैछी
दिल पटापैट मारैछी"

यी गीतहरूमा नाच गान आदि हुन्छन् ।

### ५.१.३.२ लामो भाकाका आधारमा वर्गीकरण

सबै गीतका आफ्नै संरचना, भाका हुन्छन् । यस किसिमका गीतहरू कथात्मक, ऐतिहासिक हुन्छन् जुन लामो भाका, लामो गाथात्मक हुन्छन् । सलहेश, विवाह, असारे, संस्कार गीतहरू यस किसिमका हुन्छन् ।

"कहियो के कएल हम खुरपी कोदारी बोनी

कहियो ने जानिओ हौ धामी पैच उधार

लामो भाका भए पनि सुमधुर शब्द लय सरल हुन्छन् ।

### ५.१.३.३ संवादात्मक गीत

छोटो तथा मझौला गीत भन्दा लामा गीतहरू संवादात्मक आयाम गाथात्मक स्वरूप प्राप्त भएको हुन्छ । यस्ता गीतहरू लामो भएता पनि गयात्मक हुन्छ । ती गीतहरू जट-जटिन, विवाह गीत हुन् ।

## ५.२ विश्लेषण

### ५.२.१ बाह्रमासे गीत

बाह्रै महिना गाइने नै बाह्रमासे गीत हो । यस गीतमा जीवनका हाँसो-आँसु जीवनका वेदना पीडाहरू हुन्छन् । यो गीतहरू एकल र सामुहिक पनि हुन्छन् । यी गीतहरू बालगीत र सखी गीतका रुपमा रहेका छन् ।

बालकहरू स्वयंले गाउने गीत वा बालकहरका लागि मनोरञ्जनका लागिगाइने गीत बालगीत हो । जुन गीतमा अर्ती, उपदेश, मनोरञ्जन शिक्षा दिन सकिन्छ । यी गीतहरू प्रौढद्वारा गाइने गरिन्छ र बालबालिकाले पनि गाउन गर्दछन् ।

"चन्दा मामा दुरके
पुआ पकाए गुडके
हम सब खेवै थाली मे
झुन्नाके प्याली मे
प्याली गया फुट
मुन्ना गेलै रूठ"

उनीहरूले गाउने यस्ता गीतमा बालगीतको मनमष्टिकमा उत्साह, उमङ्ग, कौतुहलता, मनोरञ्जन जस्ता सकारात्मक प्रभाव पार्ने शिक्षामूलक ज्ञान दिने कार्य गर्दछ ।

**(क) विषयवस्तुका आधारमा विश्लेषण**

यस समुदायका बालबालिकालाई गाइने गीतहरूमा स्थानीय स्तरका विविध विषयवस्तुहरू समेटिएका हुन्छन् । जसमा बालबालिकाहरूको स्वभाव, बालसुलभता, बाल्यक्रियाकलाप झल्किनुका साथै सामाजिक, जीवनशैली, रहनसहन, चालचलन, जीवनशैली खानपान, प्रयोग हुने सामग्री जस्ता विषयवस्तुको प्रयोग भएको छ ।

विभिन्न दृष्टिकोणले यहाँका बालगीतलाई हेर्दा गेयात्मक, नृत्ययात्मक, खेलात्मक, क्रियाकलाप, प्रमुख रहेको छ । यस बालगीत गाउँदा बालबालिकालाई प्रौढहरूले नृत्य गरेर, हाऊभाऊ गरेर देखाएर गाउने गरिन्छ जुन प्रस्तुतीका दृष्टिकोणले बालक पनि सक्रिय हुन्छ । यो बालगीत गाउँदा सबैले गीत गाउँदै साथीहरूसँग डोरी, खम्बा, बार समातेर झण्डिदै वा साथी साथीको जिउमा चढी टाढी खेल्ने गरिन्छ । जस्तैः-

करिया झुमैर खेलैछी
ढिल पटापैट मारछी

**(ख) लयका आधारमा**

बालबालिकाले सजिलै बुझ्न, सुन्न, गाउन सकिने खालका सरल भाषाका सरल शब्दहरको प्रयोग बालगीतमा भएको हुन्छ । बालबालिकाले सजिलै टिप्ने, आकर्षक, बालसुलभ, अनकुरणात्मक, अनुप्रास भएका शब्दहरको प्रयोग भएको हुन्छ जुन सरल, सरज भाषाका हुन्छन् । बालगीतका भाषा र लय पनि बालपनसँग सम्बन्धित भएकाले शब्दालय भाषा, सहज, लयवध, श्रुतिमधुर हुन्छ ।

बालगीतहरू विषयवस्तुका रूपले सु-सज्जित भएको हुन्छ । यहाँका बालगीतहरूमा पनि स्थानीय स्तरका प्राकृतिक स्रोतहरूको प्रयोग भएको हुन्छन् । प्राकृतिक सौन्दर्यले बालबालिकाहरूको मनमष्तिकलाई सजिलै प्रभाव पार्न सक्छ । प्राकृतिक वर्णन यसरी गरेका हुन्छन् ।

"कौवा, मैना मनमोहना
बौवा दुध भाँत खाके सुत रहन ।"

"चुप चुप रह वौआ रे
बशिमे छौ हउमा रे
बाप गेलौ पटना, बौवाके ल्योटै खेलौना"

त्यस्तै गरी गीतले मन र मष्तिष्कलाई मनोरञ्जन प्राप्त गर्नृ भार हैन । रहन सहन, धर्म, प्रकृति, खेल, सामग्री जस्ता विविध विषयवस्तुको ज्ञान पनि दिइन्छ । यहाँका बालबालिकाहरूलाई पनि बालगीतबाट यस्ता विन्नि विषयवस्तुका ज्ञानका संस्कृतिका धर्मका कुराहरू समावेश भएका छन् । जुन धर्म अनुसार गरिन्छ । चन्द्रमा, गोसाइ, सूर्य जस्ता शब्दको प्रयोगले धार्मिक कुराको सन्देश दिन्छ ।

बालबालिकाको मनमष्तिष्क, कोमल, सरल, समवेदनशील भएको हुनाले यहाँका बालबालिकाहरूले गाउने गीतहरू पनि मनोवैज्ञानिक किसिमले बनाइएको जुन गीतमा मनोवेज्ञानकि ढंगले सोच र विचार गर्न सघाउँछ ।

हे बिलैया कत जाई छै ? माछ माईला
कौना मारवै - छप्पर छैंया
कौना आनवे - टाडी टुँगी
कौना काटवै - हँसिया, कचिया
कौना खेवै - चप्पर चप्पर

बालगीत आकर्षक, श्रुति मधुर त हुन्छ ने यस्ता गीतहरूमा यहाँका समुदायहरूले आफ्ना बालबालिकालाई यस्ता बालगीत सुनाउँदा थप्पडी बजाएर, थाल बजाएर संगीतात्मक बनाउने कार्य गर्दछन् ।

### ५.२.१.२ सखी गीतको विश्लेषण

मेलापात घाँस दाउरा जाँदा मनका पीडा, खुसी व्यक्त गरिने गीत सखी गीत हुन् । यी गीतहरु प्रायजसो दुःख सुःख बाँड्न मनोरञ्जन लिन गाइने गरिन्छ । यस्ता गीतहरु एकल र सामूहिक पनि हुन्छ ।

कौने घरके हम बेटियाँ
कौने घरके फरु सिङ्गार
पिया मोरा परदेश
मनमे परल विमार

यस्ता गीतहरुको भाका छोटो तथा मझौला खाल्का हुन्छन् जुन सुन्नमा श्रुति मधुर हुन्छन् । प्राकृतिक पनि हुन्छन् ।

### (क) विषयवस्तुका आधारमा

साथी संगीहरुसँग दाउरा, घाँस तथा मेलापात गर्न जाँदा आफ्ना जीवनका, घरपरिवारका, यौवन, उन्मादका गीतहरु गाईन्छ जुन गीत, आर्थिक अवस्था, जीवनका घटना, उमर, कौतुहलता जस्ता विषयवस्तुको प्रयोग भएको हुन्छ । जस्तैः

कौने फूल फूले मिन्सरवा हो राम
फूलवा फालाय गेल सव टस चुवी गेल

**(ख) लयका अधारमा**

सखी गीतहरु सुन्नमा सुमधुर तथा आकर्षक हुन्छन् । शब्द, सरल, सहज भावका हुन्छन्, जसले सुन्नमा सुमधुरता थपेको हुन्छ । लय र भावमा कोमलता तथा छोटो भाकाका हुन्छन् ।

### ५.२.१.३ धार्मिक गीतको विश्लेषण

लोकगीत धर्म संस्कृतिसँग नजिक रहेकोले यहाँका लोकगीतमा संस्कार गीतमा पनि धर्मका आधारमा वर्णन गरिएको हुन्छ । संस्कारपूर्ण रूपले धर्मसँग सम्बन्धित रहेकाले पनि यस संस्कार गीतमा धर्म संस्कार अनुसार वर्णन गरिएको छ :

"सीता माग फारू
रामचन्द्रसन दुलहा माग फारू
सति‍ा माग फारू
रामचन्द्रसम दुलहा माग फारू
स्वर्ण सिन्दुर दुलहा धीरेसे लगाऊ
हे दशरथ वबुमा
धीरे धीरे ललीके लगाऊ"

**(क) विषयवस्तुको आधारमा**

लोकगीतमा धर्म संस्कृतिको प्रभाव परेको हुँदा धार्मिक गीतमा बढी भन्दा बढी धार्मिक स्थल धार्मिक वातावरणको प्रयोग भएका हुन्छ । यस ठाउँमा गीतहरूमा पनि धार्मिक स्थान धार्मिक विषयवस्तुको प्रयोग भएका छन् ।

"झूला झूले कृष्ण मुरारी
झुले कदमक डोरी ना"

**(ख) लयका आधारमा**

लोकगीतमा धर्म संस्कृतिको प्रभाव परेको हुँदा यस्ता गीतहरुमा संस्कृतका शब्दहरुका समावेश भएको हुन्छ । यस्ता गीतहरु छोटो भाकाका हुन्छन् । जस्तैः

गाइय गणपति जगवदन
शङ्कर - सुवन भवानी - बिनायक

**५.२.१.४ संस्कार गीत**

धर्मका आधारमा संस्कृतिका आधारमा विवाह, पुजा ब्रतबन्धमा गाइने गीतहरू संस्कार गीत हुन् । यहाँका समुदायका पनि संस्कार गीतहरू छन् जुन गीतहरू यसप्रकार छन् । विवाह गीत (मरकोट गीत - चुमाउन गीत भरयाती गीत, मुडन गीत, सोइरी गीत)

विवाहको दिन जुराइसके पछि १५ दिन अगाडि देखि यस समुदायका महिलाहरू गीत गाउन थाल्छन् । विवाहका रितिथितिमा, विधिमा बढी भन्दा बढी गीत गाइने चलन रहेको विवाह गीतमा यहाँका धर्म अनुसार सामुहिक रूपमा गीत गाइने चलन छ जसले गर्न मेलमिलाप र एकता सहित धर्मको जगेर्ना भएको पाइन्छ ।

अरही बोनके खरही करेलौ
वृन्दा वनके पीट बाँस हे
अंयके वइवा बनाइयौ हो बवा
धोया लियौ जछियाँ चढाए

यस्ता गीतहरू विवाहका विधि सँगसँगै एउटै स्वरम सामुहिक रूपमा गीत गाइन्छ जुन गतिमा धर्म संस्कारका नियम रितरिवजाको मान्यताले बढी प्राथमिकता पाएको हुन्छ ।

### (क) विषयवस्तुको आधारमा विश्लेषण

जीवन तथा जगतसँग लोकगीतको सम्बन्ध नजिक रहेकाले जीवनका संस्कारका विविध विषय वस्तु समेटिएको हुन्छ । यस्तै विविध विषयवस्तुहरू यहाँका संस्कार गीतहरूमा पनि समेटेको छ । विवाहमा धान भुट्ने, माटो ल्याउने, गोबरले लिप्ने, मडवा बनाउने, अपटन बनाउने, चुमाओन गर्ने, मटकोर गर्ने विभिन्न कार्यहरूमा गति गाइन्छ । यी गीतहरूमा प्रत्येक गीत अनुसारको भाका हुन्छ र ती भाका अनुसार यहाँका चलनअनुसारको सामग्री, खानपान, चालचलन, क्रियाकलाप जीवनशैलीका विषयवस्तु समेटेको हुन्छ । जस्तैः

यौ रघुवंशी दुलहा
तखन देहरि देवइ पएर

गीतमा प्रस्तुतीको भूमिकाले गीत आकर्षक हुन्छ । यहाँका गीतमा पनि प्रस्तुतिको भूमिका प्रस्तुत भएका छन् । व्यक्तिगत रूपमा तथा सामूहिक रूपमा गीत गाउने देखि लिएर नृत्यु गर्ने, गीत गाउने, बाजा बजाउने थपडी बजाउने जस्ता क्रियात्मक प्रस्तुती हुन्छ भने सामग्री, भेषभुषाको पनि प्रस्तुती हुन्छ ।

### (ख) लयका आधारमा विश्लेषण

लोकगीतमा भाषा समुदाय, ठाउँ, क्षेत्र अनुसार प्रभाव परेको हुन्छ । यहाँका लोकगीतहरूमा पनि आ-आफ्नै भाषिक मौलिकता छ जुन भाषा समुदाय र क्षेत्र अनुसार रहेको छ । मैथली समुदाय पर्ने यहाँका गतिमा सरल, सहज भाषाको प्रयोगका साथै केही भागमा हिन्दी शब्द, भोजपुरी शब्दको मिश्रण पाइन्छ । त्यस्तैगरी सुन्नमा, सुमधुर, सरल, शब्दके प्रयोग भएको पाइन्छ ।

## ५.२.३ पर्व गीत

चाडपर्व, सांस्कृतिक मानव जीवनसँग सम्बन्धित हुन्छ । यस्ता चाडपर्व मनाउँदा नाचगान तथा मनोरञ्जन समेत प्राप्त हुन्छ । एउटै सथानमा बसेर चाडपर्व

मनाउँदा जीवनका सुःख, दुःख बाँड्ने एउटा सशक्त माध्यम पनि बन्दछ । यी लोकगीतहरूले व्यक्तिगत जीवन तथा सांस्कृतिक जीवनका अनुभूतिहरू समेटेको हुन्छ । जुन यहाँका लोकगीतका पर्वगीतहरूमा पाइन्छ । 'सामाचकेवा, झिझिया, नवरात्री, दुर्गापुजा यहाँका पर्व गीतहरू हुन् ।

"बनमा कुटइते जटवा भारलक मुसरबेके मार
सेहो विरोगवे राम जाई छियै नैहखा
निम्न निम्न रिकवा जे लैलिय जटिनले
सेहो जटनिया छोडि नैहरबा तो जाइँ छे ।"

सामाजिक बनोट मानव जनजीवनका विविध पक्षहरू सांस्कृतिक धार्मिक मान्यताहरू, विश्वास आस्थाहरू पर्वगीतका मुख्य भाव हुन् । यस्ता गीतहरूमा धार्मिक आस्था, विश्वासले घर समाज र परिवारके उन्नतिको प्रगतिको काममा गरिएको हुन्छ जुन पर्व सन्तानका लागि, श्रीमान्, श्री सम्पत्ति लागि गरिन्छ । यस्तै भाव बोकेको गीत सामाचकेवा हो जुनमा भाई बहिनी प्रतिको अगाध प्रेम देखाइएको हुन्छ जसमा प्रेम समबन्ध, दिर्घायु, सुखसमृद्धि बढ्दै जाओस् र सम्बन्धमा अविश्वास बढाउनेको पतन होस् भन्ने भावना लुकेको हुन्छ ।

"चुगला बुगला अइह हे अइ हे
ढेपा फोइर फोइर खइअ हे खइअ हे"

**(क) विषयवस्तुका आधारमा**

देवीदेवतादेखि जीवनका समाजका मूल्य मान्यता आस्थाहरूको विविध पक्षहरूको प्रयोग पर्व गीतमा भएको हुन्छ । मानव जीवनका आस्था, विश्वास देवी देवताका आराधना, धुप, दीप, तुलसी, डमरू, बत्ती, औंशी, पूर्णिमा, धर्म अनुसारको सामग्री चालचलन, रहनसहन क्रियाकलापका विषयवस्तु समेटिएको हुन्छ । जुन प्रयोगले गीतमा ध्यान, समवेदना, हार्दिकता, स्नेह, ममता, सामाजिक, पारिवारिक,

मायाममता प्रेम प्रसंगका विषयवस्तुले यी गतिहरू श्रुतिमधुर शान्तप्रिय वनेको हुन्छ र मनोरञ्जनात्मक हुन्छ ।

ढकिया - ढकिया फूल छिट लिए
इतर गुलांव हम से हो छिट लिए
मोहनी फूलके गाजा लगाए लिए
बारह वरिस आँचर बन्ढलिए
तैयो मे वइनमा दुसधवा दर्शन दै छ्यौ

पर्वगीतहरूमा सामूहिक तथा व्यक्तिगत रूपले गाईने हुँदा यी गीतहरू प्रस्तुतिका हिसाबले एकल र सामूहिक हुन्छ । प्रायः जसो यहाँका पर्वगीत सामूहिक रूपले गाइन्छ । इनार, पोखरी, मन्दिर, देवताहरू बनाएर गाइने हुनाले गीत सामूहिक गयात्मक, नृत्यात्मक हुन्छ । झिझियामा सामाचकेवामा भन्दा बढी गीत र नृत्यको प्रयोग हुन्छ । यसरी प्रस्तुतिका आधारमा पर्वगीतहरू सशक्त हुन्छ ।

**(ख) लयका आधारमा**

लोकगीतका भाकाहरू विभिन्न लय र भाकाका हुन्छन् । यहाँका पर्व गीतहरू विभिन्न भाकाका गाइन्छ । यी गीतहरू भक्ति, आराधनाका साथै कथानक मिसिउको प्रेम भाव स्नेह मिलेको हुन्छ । यसता गीतहरू चुडके भाषा तथा छिटो लय केही लामा लयका पनि हुन्छन् । सुमधुर, शान्त तथा मनोरञ्जनात्मक लयका गीतहरू छन् ।

“आगे भाई छल ने राहन दिन देखव नयन भरि
देखि देखि हिरदा जुडाए जे भाई
आगे माई कमलके फुल देखली
सुरज पुर्वही उदाय के भाई”

### ५.२.४ ऋतु गीत

बाह्रैमास लगाएर विशेष महिना वा ऋतुमा गाइने गीत ऋतु गीत हो । लोकगीतमा ऋतु गीतको प्रयोग भएका छ । जुन गीत यस ठाउँमा पनि गाइने गर्दछ । यस ठाउँका ऋतु गीतहरू यसपकार छन् (जट-जटिन असार, साउन गीतहरू हुन् ।)

असार, साउन महिनामा रोपाँइ गर्दा गाइने गीत असारे गीत हो । रोपाइँ गर्दा, हलो जोत्दा यी गीत गाउने गर्छन् । यहाँ गाइने असारे गीत साउन सम्म गाईन्छ जुन गीतमा महिला पुरूष दुवैले गाउने गर्छन् । यी गीतहरू मनोरञ्जनात्मक हुन्छन् ।

**(क) विषयवस्तुको आधारमा विश्लेषण**

लोकगीतमा मौसम, वातावरण, हावापानी तथा प्राकृतिक वर्णन भएको हुन्छ । जुन वर्णन यहाँका गीतहरूमा पनि पाइन्छ । यी गीतहरूमा खोलानाला, वनपाखा जङ्गल विरूवा, हलो, वादल, पानी, हिलो, प्राकृतिक छटादेखि लिएर मानव जीवनका आँसु-हाँसो मिलन-विछोड विविध पलहरूको चित्रण पाइन्छ ।

"चारू दिशा वरसेट मेघ हे
धान रोपै छी सुःख करैछी अपन खेत हे"

यसरी यस्ता गीतहरूमा धान, रोपाई, हिलो जस्ता विषयवस्तुको प्रयोग भएको हुन्छ ।

**(ख) लयका आधारमा विश्लेषण**

असारे गीतहरू छोटो लामो भाकामा भएता पनि सरल, सुमधुर र शब्दहरूको प्रयोग भएका हुन्छन् । महिला र पुरूष दुवैले गाउने भएकाले यस गीतका भाषा सरल हुन्छन् । सुबोधगम्य, अनुकरणात्मक, अनुप्रास भएका शब्दले असारे गीतहरू मनमोहक आकर्षक हुन्छन् ।

**(ख) लामो भाकाका आधारमा**

छोटो लय लामो भाकाका असारे गीत भएकोले असारे गीतहरू लयात्मक भाकाका हुन्छन् । समूहगत र व्यक्तिगत दुवै किसिमले गाइने हुनाले असारे गीतहरू गयात्मक श्रुतिमधुर हुन्छन् ।

**(ग) लामो भाकाका आधारमा**

असार, साउनमा धान रोप्दा, बाउसे गर्दा गाइने गीत असारे गीत हुन । यस गतिमा महिना पुरूष दुवैले गाउने हुँदा व्यक्तिगत र समूहगत प्रतिनिधित्व हुने गर्दछ । महिलाले मात्र गीत गाउँदा ती गीतहरूमा महिलाको दुःख पीर व्यथा पोखिएको हुन्छ भने कुनै पनि वाद्यवादन नगरी लामो भाका तानेर गाइन्छ ।

हिलो, हली, पानी, वाउसे, धान, विऊ जस्ता प्राकृतिक विषयवस्तुको वर्णनले असारे गीतका शब्द श्रुतिमय प्राकृतिक हुन्छ । जंगल, वन, पाखाको प्राकृतिक वर्णन यस ठाउँका गीतहरूमा पनि झल्केको पाइन्छन् जुन सुन्दा सुमधुर लाग्ने गर्दछ ।

**५.३ श्रम गीत**

गाउँघरका जन जीवनका पीडा दुःख अनुभूतिलाई लोकगीतले समेटेको हुन्छ । यस्तै गीत श्रमिक गीत हो । गाउँघरमा मेलापात गर्दा शारीरिक थकान मेट्न यस्ता गीतहरू गाइन्छ । जुन गीत यस ठाउँमा पनि गाइन्छ । यहाँका महिलाहरू रोपाइ गर्दा ढिकी जाँतो पिध्दा यी गीतहरू गाईन्छन् । जुन गीतहरू यी हुन (लगनी, जाँतो पिध्ने गीत, धान भित्र्याउने गीतहरू)

यस्ता गीतहरू काम गर्दै मनोरञ्जन लिँदै गाइने गरिन्छ । यी गीतमा महिलाका पीर, व्यथा हाँसो रोदन तथा पारिवारिक स्तर, बुहार्तनका विषयवस्तु समावेश भएको हुन्छ । यी गीतहरू शारीरिक थकान मेट्न गाइने गर्छ ।

"सासु कहि गेल दिलबर एक सेर मरूवा पिस हे
हम दिलबर बिसरि गेलियै चार सेर मरूव पिस लेलिये हे"

### (क) विषयवस्तुका आधारमा विश्लेषण

यस ठाउँमा गाइने गीतहरू स्थानीय भाषा र विषयवस्तुका आधारमा गाइने गर्छन् । यस ठाउँमा (एकसेर, जाँतो, ढिको, ढक्की, कुचो) जस्ता विषयवस्तुको प्रयोग भएको हुन्छ । यस्ता गतिमा महिलाहरूले पाएका दुःख पीडा (बुहार्तन) श्रीमान् प्रतिको आशा निरासा जस्ता विवध पक्षको वयान गरिएको हुन्छ ।

### (ख) लयका आधारमा विश्लेषण

यस गीतमा नृत्य नभएर गीत मात्र गाइने हुन्छ । जुन गीतमा मानव जीवनका स्वभाविक कार्यहरूका वर्णन गरिएको हुन्छ । यस गीतमा वाद्यवाद्यनको प्रयोग हुँदैन । लामो भाकाका गीतहरू गाइन्छ । सहज सरल शब्दको प्रयोगले यस्ता गीत लयात्मक हुन्छन् ।

## ५.६ निष्कर्ष

लोकगीतका सङ्कलन र वर्गीकरणका क्रममा लोक जीवनका अनुभूतिहरू भएका लोकगीतहरू भेटिएका छन् जुन लोकगीतहर स्थानीय भाषा, लय र संस्कार, धर्म, परम्परा अनुसार रहेको पाइन्छ । ती लोकगीतहरूका विशेषता पनि आफ्नै परम्परा, धर्म, संस्कृति अनुसार रहेको छ । जुन लोकगीतले यहाँका संस्कृति र रहनसहन, भेषभूषा आदिको मौलिकता झल्काउँछ ।

# परिच्छेद छैठौं

## उपसंहार तथा निष्कर्ष

### ६.१ उपसंहार

सिरहा जिल्लाको लालपुर गा.वि.स.का मुसहर जातिका लोकगीतहरूको अध्ययन पक्षको पहिलो परिच्छेदमा परिचय, समस्या, उद्देश्य, औचित्य सीमाङ्कन, अध्ययन प्रतिवेदनका रूपरेखा आदिको परिचय दिइएको छ । दोस्रो परिच्छेदमा सिरहा जिल्लाका लालपुर गा.वि.स.को परिचय भौगोलिक अवस्था, सामाजिक तथा सांस्कृतिक अवस्था, आर्थिक अवस्थाका बारेमा सामान्य जानकारी दिइएको छ । तेस्रो परिच्छेदमा लोकगीतको सैद्धान्तिक परिचय, परिभाषा, वर्गीकरण र विशेषताको जानकारी दिइएको छ ।

चौथो परिच्छेदमा लालपुर गा.वि.स. का मुसहर जातिका गीतहरूको संकलन गरिएको छ । जुन लोकगीतहरूलाई बाह्रमासे, संस्कार, पर्व, ऋतु र श्रमिक गरी (५) पाँच प्रकारको लोकगीतको सामान्य परिचय गरिएको छ ।

बाह्रमासे लोकगीत अन्तर्गत (लोरी, बालगीत, संगिनी (फूलगीत, खेल पराती भजन) गीतहरू छन् भने पर्व गीतमा सामाचकेवा, झिझिया, होरी, गणेश चौथी) छन् । संस्कार गीतमा (मटकोट, अरयाती, चुमाउन, मुण्डन, सोइरी) गीतहरू छन् । त्यस्तै गरी ऋतु गतिमा (साउन, असार) गीतहरू छन् । त्यस्तैगरी श्रमगीतमा (लगनी, रोपाइँ) गीतहरू छन् । धार्मिक गीतहरुमा पराती र भजन छन् ।

पाँच परिच्छेदमा सिरहा जिल्लाका लालपुर गा.वि.स.का मुसहर जातिमा प्रचलित लोक गीतहरुलाई प्रकार्य र लयका आधारमा वर्गीकरण गर्ने प्रयास गरिएको छ । यस्तो वर्गीकरण अन्तर्गत समाजिकताका आधारमा र ऐतिहासिक धार्मिक प्रकृतिका आधारमा वर्गीकरण गरी विषय र लयका आधारमा विश्लेषण गरिएको छ । ती सबै प्रकारका गीतहरुको सामान्य परिचय तथा त्यस गीतका बारेमा विश्लेषण गरिएको छ ।

## ६.२ निष्कर्ष

यस लालपुर गा.वि.स.का मुसहर समुदायले गाउने गीतमा समाजका लोक जीवनका विरह वेदना, मिलन-विछोड, पारिवारिक असन्तुष्टि आर्थिक, प्राकृतिक विवरण, नारीहरूको बाध्यता गृहस्थी जीवनको चित्रण पाइन्छ ।

लय र भाकाका दृष्टिले पनि यहाँका गीतहरूमा विविधता पाइन्छ । यहाँका गीतहरूमा छोटो भाका छन् भने कुनै लामा लयका गीतहरू छन् ।

भाषाका हिसाबले सरल र सरस स्वभाविक भाषाको प्रयोग भएको पाइन्छ । यहाँका लोकगीतमा पर्याप्त मात्रामा स्थानीय भाषिकाको प्रयोग भएको पाइन्छ । भोजपुरी, हिन्दी शब्दहरू यी गीतहरूमा प्रयोग भएका छन् । यहाँका लोकगीतमा लोकतत्त्वले भरिएका हुन्छन् । लोकविश्वास, लोकमान्यता बोलचालका भाषा थेगो, अनुकरणात्मक शब्दले यिनमा रोचकता र कौतूहलता थपिएको देखिन्छ । यहाँका लोकगीतहरूमा वर्णनात्मक र विववरणात्मक शैली प्रस्तुत गरिएका छन् भने केही गीतहरू संवादात्मक शैली प्रस्तुत भएका छन् । केही गीतहरू एकल रूपमा प्रस्तुत भएका छन् ।

निष्कर्षमा के भन्न सकिन्छ भने यहाँका गीतहरू लोकधारणा तथा सामाजिक, परिवेश, आर्थिक अवस्था, मानव जीवनका दुःख, पीडा, उत्साह उमङ्ग प्रकट भएका छन् ।

# सन्दर्भ कृतिसूची


कन्दङवा, काजिमान (२०२०), **नेपाली जनसाहित्य,** काठमाडौं: रोयल नेपाल एकेडेमी ।

कापडि रामभरोस (२०६७), **तराईको फाँटदेखि हिमालको काखसम्म ।**

कोइराला, शम्भुप्रसाद (२०५५), **लोकसाहित्य सिद्धान्त र विश्लेषण**, विराटनगर: धरणीधर पुरस्कार प्रतिष्ठान ।

गिरी, जीवेन्द्रदेव (२०५७), **लोकसाहित्यको अवलोकन,** काठमाडौं: एकता प्रंकाशन ।

थापा, धर्मराज (२०३०), **गण्डकीका सुसेली**, काठमाडौं: साझा प्रकाशन ।

थापा, धर्मराज, हंसपुरे सुवेदी (२०४१), **नेपाली लोकसाहित्यको विवेचना,** काठमाडौं: पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

पन्त कालिभक्त (२०५८, पृ. २८), **हाम्रो संस्कृति इतिहास,** स्याङ्जा: लेखक स्वयम् ।

पोखरल, बालकृष्ण र अन्य (सम्पा.) (२०४०), **नेपाली बृहत शब्दकोश,** काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।


राकेश, रामदयाल (२०६१), **मिथिलाञ्चल लोक संस्कृति ।**

शर्मा, वसन्त कुमार नेपाल (२०५८), **नेपाली शब्द सागर,** काठमाडौं: भाभा पुस्तक भण्डार ।

श्रेष्ठ, रामदयाल (२०३८, पृ. १५), **प्रारम्भिक कालको नेपाली साहित्य इतिहास र परम्परा ।**

# परिशिष्ट - १

## अध्ययनको नक्सा




लालपुर गा.वि.स

## परिशिष्ट - २

**सामग्री सङ्कलक सहयोग गर्नेहरूको विवरण**

| क.सं. | नाम | ठेगाना | लिङ्ग | उमेर | शिक्षा |
|---|---|---|---|---|---|
| १ | सवुरन देवी सदा | लालपुर | महिला | ४० | |
| २ | रानीवत्ती सदा | लालपुर | महिला | १२ | ५ कक्षा |
| ३ | तारा सदा | लालपुर | महिला | ३५ | निरक्षर |
| ४ | दु:खनी सदा | लालपुर | महिला | ३७ | निरक्षर |
| ५ | जानकी देवी सदा | लालपुर | महिला | ४० | निरक्षर |
| ६ | समला सदा | लालपुर | महिला | ३२ | निरक्षर |
| ७ | सु:खनी देवी सदा | लालपुर | महिला | ३० | निरक्षर |
| ८ | सियादेवी सदा | लालपुर | महिला | ४५ | निरक्षर |
| ९ | सनरी देवी सदा | लालपुर | महिला | ४० | निरक्षर |
| १० | करिया सदा | लालपुर | पुरूष | ४५ | निरक्षर |
| ११ | नारायण सदा | लालपुर | पुरूष | ४८ | निरक्षर |
| १२ | खुसिया सदा | लालपुर | पुरूष | ३२ | निरक्षर |